नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

*इ.प्रा.परिपत्र संख्या:- ४०१* *मिति :- २०६३/१२/११*

इजाजतपत्रप्राप्त "क" वर्गका (बैंक) संस्थाहरू ।

विषय :- तयारी पोशाकको निर्यात बारे ।

महाशय,

तयारी पोशाक निर्यात कारोवार सम्बन्धमा निम्न व्यवस्था लागु गरिएको हुँदा विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. **CMTP** (Cutting, Manufacturing, Trimings and Profit) व्यवस्था :

तयारी पोशाक निर्यातकर्ताहरूले CMTP (Cutting, Manufacturing, Trimings and Profit) को आधारमा FOC (Free of Cost) मा कपडा आयात गरी CMTP अन्तर्गत निर्यात भएका तयारी पोशाकको निर्यात कागजातहरू निम्न शर्तनामाहरू अन्तर्गत रही Negotiation/Collection गर्न सकिने ।

(क) निर्यात प्रज्ञापनपत्र अनिवार्य रुपले पेश गर्नुपर्ने ।

(ख) प्रज्ञापनपत्रमा Fabric/CMTP मूल्य छुट्टाछुट्टै खुलेको हुनुपर्ने ।

(ग) कूल FOB मूल्यको न्यूनतम ३५ (पैंतीस) प्रतिशत CMTP हुनुपर्ने ।

(घ) CMTP Component मध्ये पुरै वा आंशिक भुक्तानी प्राप्त नभएमा प्रचलित व्यवस्था अनुसार गर्नुपर्ने ।

२. **Third Party Document Negotiation** गर्न नपाइने :

आयातकर्ताबाट तयारी पोशाक निर्यात गर्ने उद्योग वा फर्मको नाउँमा प्राप्त हुने प्रतीतपत्र अन्तर्गत Third Party Document Negotiation गर्न नपाइने व्यवस्था मिति २०५०।९।१७ देखि लागू रहेको हुँदा यस्ता प्रतीतपत्रहरूमा Third Party Document Negotiation Acceptable भन्ने व्यहोरा उल्लेख भएतापनि त्यस्ता Documents को Negotiation गर्न वा संकलनार्थ स्वीकार गर्न भने पाइने छैन ।

भवदीय,

(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक